**त्रिभुवन विश्वविद्यालय**

**परीक्षा नियन्त्रण कार्यालय,बल्खु**

**३ वर्षे स्नातक तह दोस्रो बर्षको आँशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्ने सूचना**

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार **२०८० सालको २०८१ सालमा सचांलन** हुने मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत **३ बर्षे स्नातक** तह वि.ए. दोस्रो वर्षको परीक्षा दिने **आँशिक तथा प्राइभेट आँशिक** परीक्षार्थीहरुले आ- आफ्नो क्याम्पस/कलेजमा मिति २०८१ साल असार २० गते देखि २०८१ साल श्रावण ११ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोव्वर दस्तुर सहित आवेदन फारम भरी बुझाउन हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरी सबै प्रक्रिया पुर्याइ आफैले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) ३ वर्षे स्नातक तह २०७३. सालमा भर्ना भइ २०७४ सालमा प्रथम पटक परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

ग) सबै परीक्षार्थीहरुले परीक्षा आवेदन फारम माथि अघिल्लो पटकको रो.नं.अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ङ) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

२) प्राइभेट परीक्षार्थीहरुले याद राख्नुपर्ने कुराहरु :-

क) आफूलाइ पायक पर्ने निम्न लिखित त्रि.वि.परीक्षा नियन्त्रण कार्यालयका क्षेत्रीय कार्यालयमा पनि सम्पर्क राखी प्राइभेट परीक्षार्थीहरुले परीक्षा आवेदन फारम बुझाउन सक्नेछन् ।

ख) क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर ।

ग) क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय ,बगर,पोखरा ।

घ) क्षेत्रीय परीक्षा नियनत्रण कार्यालय, भृकुटीनगर, नेपालगञ्ज ।

ङ) क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, अत्तरिया, कैलाली ।

३) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्वन्धमा:-

क) काठमाण्डौ उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि.का.को नाममा बैंक भौचर २ दिनभित्र परीक्षा आवेदन फारम सहित अनिवार्यरुपमा त्रि.वि.प.नि.का.बल्खूमा बुझाई सक्नुपर्नेछ । उपत्यका बाहिरका क्याम्पसहरुले उक्त बैंक भौचर बनाएको ४ दिनभित्र परीक्षा आवेदन फारम सहित क्षे.प.नि.का.को हकमा सम्वन्धित क्षे.प.नि.का.मा र प.नि.का.क्षेत्रका उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि.प.नि.का.बल्खुमा बुझाई सक्नुपर्नेछ ।

ख) परीक्षा फारमहरु बुझाउदा संम्वन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वन्धित शाखामा बुझाउनु पर्नेछ ।

४) परीक्षा शुल्क सम्वन्धमा:-

| | |
|---|---|
| क) आंशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ४७०/- |
| ख) प्राइभेट आंशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ९००/- |
| ग) परीक्षा आवेदन फारम शुल्क | रु ६०/- |
| घ) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु १००/- |
| ङ) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १५०/- |
| च) दुइ वा सोभन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु २७५/- |

५) परीक्षा शुल्क बुझाउने सम्वन्धमा:-

क) काठमाण्डौ उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई.वैक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००01 मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम जम्मा गरेको वैक भौचर सहित फारम कार्यालयमा पेश गर्नुपर्नेछ ।

ख) काठमाण्डौ उपत्यका बाहिरका क्याम्पसहरुले बल्खु स्थित नेपाल बैंक लिमिटेड अथवा ग्लोवल आई.एम.ई.वैक लि.बल्खु शाखा अथवा काठमाण्डौ उपत्यका भित्रका कुनै पनि बैंकवाट भुक्तानी पाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको नाममा बैंक भौचर वनाई फारम साथै पेश गर्नु पर्नेछ ।

ग) क्षे.प.नि.का.विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियत्रन्ण कार्यालय विराटनगरको च.हि.नं.१०४००१००९२२१२००००01 नेपाल बैंक लिमिटेड, वजारअड्डा शाखा , विराटनगरमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा त्रुझाउनु पर्नेछ ।

घ) क्षे.प.नि.का.नेपालगञ्व क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय ,नेपालगञ्जको च.हि.नं.२१०१०१०००००७६ ग्लोवल आइ.एम.इ.बैक लिमिटेड, त्रिभुवन चोक बैंकेमा रकम बुझएको भौचर परीक्षा फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ङ) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००01 नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरेको भौचर सहित परीक्षा फारम पेश गर्नुपर्नेछ ।

च) क्षे.प.नि.का.अत्तरियाको हकमा काठमाण्डौ त्रि.वि.प.नि.का.वल्खु परीसरमा रहेको ग्लोवल वैक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैक लिमिटेड आम्दानी खाता नं. ०४५११६०००९९११००००0१०मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी त्रि.वि.प.नि.का.को नाममा वैक भौचर पेश गर्नु पर्नेछ ।

परीक्षा नियन्त्रक